# जगत् ब्रह्माण्डमा भइरहेको महान् द्वन्द्व



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *मत्ती १३:२४-२७; उत्पत्ति १:३१; इजकिएल २८:१२-१९; यशैया १४:१२-१५; मत्ती ४:१-११; यूहन्ना ८:४४, ४५।*

**याद गर्नुपर्ने पद: "तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।"** *(उत्पत्ति ३:१५)*।

**बाइबलमा** धेरै आत्मिक शिक्षा दीक्षाहरू छन्, तर ख्रीष्ट र शैतानको बीचमा रहिरहेको भीषण द्वन्द्व ती सबै बाइबलीय धार्मिक विज्ञानको केन्द्रबिन्दु हो। परमेश्वर र स्वर्गका पतित दूतहरू वा परमेश्वरको राज्यशासनको विरुद्धमा जाने जीवहरूसँगको द्वन्द्व बाइबलको प्रधान विचार *(मत्ती १३:२४-३०, ३७-३९; प्रकाश १२:७-१०)* भए तापनि र कतिपय इसाई परम्परामा देखाइए तापनि धेरै इसाई विद्वानहरूले नै त्यस धारणालाई लत्याइरहेका छन्। सर्वसाधारण इसाईहरूलाई त्यो शिक्षा नदिएर तिनीहरूले ठूलो गल्ती गरिरहेका छन्।

बाइबलको दृष्टिकोणले जगत् ब्रह्माण्डमा भइरहेको द्वन्द्वको मुख्य विषयवस्तुकै कारण बाइबलमा भएका सम्पूर्ण वृत्तान्त रचिन पुगेको थियो। शैतान र उसका पतित स्वर्गदूतहरूले स्वर्गमा नै सुरु गरेको परमेश्वर र उहाँको राज्यप्रणालीको विरुद्धमा गरेको राजद्रोह यस संसारमा निरन्तर जारी भइरहेको छ भन्ने ज्ञानमा हामी आँखा चिम्लेर बस्न

सक्दैनौं। यदि त्यो द्वन्द्वको मामिलालाई हामीले बेवास्ता गऱ्यौं भने बाइबलले बताउन चाहेको प्रधान विचार नै ओझेलमा पर्दछ। परमेश्वरको विरुद्धमा शैतान र उसका पक्षमा उभिने जीवहरूले आफ्ना चर्तिकला कायम गरिराखेको वृत्तान्तले सुसमाचारका पुस्तकहरू भरिएका छन्।

देहायका प्रश्नहरूलाई बाइबलले कस्तो निर्णयात्मक जवाफ दिन्छ भनेर हामीले यस अध्यायमा नियाल्नेछौं:

(१) परमेश्वर र शैतानको बीचमा भइरहेको ब्रह्माण्डीय युद्ध बाइबलमा कहाँ सिकाउँछ?

(२) बाइबलकै अनुसार त्यस द्वन्द्वको स्वभाव वा लक्षण के हो?

# शत्रुले नै यो गरेको रहेछ

**पढ्नुहोस्: यस संसारमा खराब वा दुष्ट तत्त्वहरूले खेती गरिरहेका छन् भनेर येशूले बताउनुभएको देहायको अर्तिकथाले कसरी स्पष्ट पारेको छ? हेर्नुहोस्, मत्ती १३:२४-३०।**

एक जना जमिनदारको अर्तिकथा येशूले भन्नुहुन्छ। उसले खेतमा केवल असल गहुँका बिउहरू मात्र छरेको थियो। तर गहुँहरूको बीचमा सामाहरू पनि उम्रिन थाले। उसका कामदारहरूले नै उसलाई सोध्यो, "के तपाईंले खेतमा असल बिउहरू छर्नुभएको होइन? यी सामाहरू कसरी उम्रिए?" *(मत्ती १३:२७)*। यो त्यही खालको प्रश्न हो जुन खराब र दुष्टको समस्याको बारेमा मानिसहरूले सोध्छन्: यदि परमेश्वरले यस पूरै संसारलाई असल गरेर सृष्टि गर्नुभएको भए यी दुष्ट वा खराब तत्त्वहरू कसरी देखा परे?

**पढ्नुहोस्: येशूले मत्ती १३:३७-४०मा बुझाउनुभएको परिवेशमा देहायका पदहरूले नै जगत् ब्रह्माण्डमा भइरहेको द्वन्द्वको स्वभावलाई कसरी बुझाउँछ? हेर्नुहोस्, मत्ती १३:२८-३०।**

कामदारहरूको प्रश्नलाई जमिनदारले यो सरासर जवाफ दियो: "शत्रुले यो गऱ्यो" *(मत्ती १३:२८)*। असल बिउ छर्ने को रहेछ भनेर येशूले पहिचान गर्नुभएको थियो। उहाँ आफै हुनुहुन्थ्यो *(मत्ती १३:३७)*। "खेत संसार हो" *(मत्ती १३:३८)* र सामा छर्ने शैतान हो *(मत्ती १३:३९)* भन्ने कुरा उहाँले बुझाउनुहुन्छ। यसमा ख्रीष्ट र शैतानको बीचमा भइरहेको जगत् ब्रह्माण्डको युद्धलाई स्पष्ट रूपमा चित्रण गरेको छ। यस संसारमा

खराब, दुष्ट, पाप, कष्ट, पीडा, आतङ्क आदि किन छन् त? शैतानको कामले गर्दा ती खराब तत्त्वहरूको बिगबिगी भएको थियो। जसरी जमिनदारको शत्रु थियो त्यसरी नै येशूको पनि शत्रु छ। "शत्रुले छर्‍यो" भनेर जमिनदारले स्पष्ट पार्दछ *(मत्ती १३:२८)*।

यसले गर्दा कामदारहरूको अर्को प्रश्नतिर ध्यान गइन्छ, "के हामीले ती सामाहरूलाई उखारौं त?" अर्थात् अहिले नै वा तुरुन्तै दुष्ट वा खराब तत्त्वलाई किन उखालेर नाश नगरौं? "अहँ," जमिनदारले जवाफ दिन्छ, "अहिले नै सामालाई उखाल्यो भने तिमीहरूले गहुँलाई पनि उखार्नेछौ। त्यसकारण कटानीको समय नआउञ्जेल दुवैलाई बढ्न देऊ" *(मत्ती १३:२९, ३०लाई मर्कूस ४:२९सँग तुलना गर्नुहोस्)*। येशूको अर्तिकथाअनुसार परमेश्वरले नै खराब तत्त्वहरूको नाश गर्नुहुनेछ। राम्रोसँग नबढीकन सामा पनि उखारियो भने असल गहुँ पनि उखारेर सँग-सँगै नाश गरिनेहुन्छ।

**चर्चमै किन नहून् अहिले नै गहुँहरूबाट सामा निकाल्न खोज्दा के खतरा हुन सक्छ? फेरि त्यसै समय खराब तत्त्वहरूप्रति हामी आँखा चिम्लनुहुन्न भनेर कसरी सजग हुने?**

# यसै पृथ्वीमा ख्रीष्ट र शैतानको बीचमा भएको द्वन्द्वको सुरुवात

यदि जमिनदारले असल बिउ छरेको भए खेतमा खराब बिउ किन भयो भन्ने प्रश्नसँग गाँसिएको अर्को प्रश्न त छ नै: यदि परमेश्वरले संसार सृष्टि गर्नुहुँदा सबै थोक असलै थियो भने खराबको उदय कसरी भयो त?

पढ्नुहोस्: **उत्पत्ति १:३१ पद पढ्नुहोस्। जब परमेश्वरले संसार सृष्टि गर्ने काम सम्पन्न गर्नुभयो तब त्यसको अवस्था कस्तो थियो भन्ने सन्दर्भमा यही पदमा भएका परमेश्वरका शब्दहरूले के बताउँछन्, र यसको जवाफ किन महत्त्वपूर्ण छ?**

________________________________________________________________

________________________________________________________________

उत्पत्ति १:३१ अनुसार जब परमेश्वरले संसार सृष्टि गरेर सिध्याउनुभयो तब पृथ्वीको सबै प्राकृतिक, जीवजीवात सम्पदालाई हेर्नुहुँदा उहाँ अत्यन्तै सन्तुष्ट हुनुभयो र भन्नुभयो, "आहा, कति धेरै असल छ!" तत्कालै यस पृथ्वी ग्रहमा कुनै खराबको आभास पनि थिएन। त्यसो भए, मानव अनुभवमा खराब तत्त्व कसरी घुस्यो त?

पढ्नुहोस्: **उत्पत्ति ३:१-७ पढ्नुहोस्। यस पृथ्वी ग्रहमा खराब कसरी घुस्यो भनेर यी पदहरूले के बताउँछ? जगत्मा द्वन्द्व कसरी पैदा भयो भनेर यी पदहरूले कसरी खुलासा गराउँछ?** *(प्रकाश १२:७-९ पनि हेर्नुहोस्।)*

________________________________________________________________

________________________________________________________________

उपर्युक्त उत्पत्तिको वृत्तान्तमा सर्पले हव्वालाई परमेश्वरको चरित्रकै बारेमा झुटो बोलेको थियो। प्रकाश १२:७-९मा त्यो सर्प शैतान आफै थियो भनेर बताइन्छ। परमेश्वरको आदेशलाई नै शङ्का उब्जाउने गरेर सर्पले प्रश्न हव्वाको सामु राख्छ। उसको प्रश्नमा नै परमेश्वरको आदेशमा प्रश्न चिन्ह लगाएको थियो। अनि सर्पले परमेश्वरको

आदेशलाई ठाडै चुनौती दिएर भन्यो, "तिमीहरू निश्चय नै मर्नेछैनौ।" *(उत्पत्ति ३:४ KJV)*।

कि त सर्पले कि त परमेश्वरले हव्वालाई झुटो बोले। तर अब परमेश्वरले उनलाई भनेको आदेशलाई विश्वास गर्ने कि सर्पलाई? त्यो आत्मनिर्णय वा स्वविवेको अधिकार प्रयोग गर्ने कि नगर्ने उनैलाई दिइएको थियो।

यहाँ र बाइबलका अरू पदहरूमा द्वन्द्वको मुख्य विषयवस्तु नै कसलाई विश्वास गर्ने वा कसलाई नगर्ने भन्ने कुरामा थियो भनेर देखाउँछ। यो विश्वास गर्ने वा नगर्ने आधार कसलाई प्रेम गर्ने र नगर्नेमा गाँसिएको थियो। तपाईंले कसैमाथि विश्वास गर्नुहुन्छ कि गर्नुहुन्न भन्ने मामिलामा तपाईंले उसमाथि भरोसा राख्न सक्नुहुन्छ कि सक्नुहुन्न भन्ने मनस्थितिले तपाईंमा अड्डा जमाएको हुन्छ। त्यसको अर्थ उसमाथि भरोसा राख्न सकिन्छ कि सकिँदैन वा उसलाई तपाईंले प्रेम गर्न सक्नुहुन्छ कि सक्नुहुन्न भन्ने फैसलाको दोधारमा तपाईं परिरहेको हुन्छ। तर हव्वाले परमेश्वरले भन्नुभएको कुरालाई सुन्नुपर्दथ्यो।

**उत्पत्ति ३:१५ पढ्नुहोस्। स्त्रीको सन्तान जसले सर्पको शिर ठुक्राउनेछ भन्ने वचनले मसीहलाई सम्बोधन गरेको नै छ भन्ने पहिलो सुसमाचार *(प्रोटोइभान्जलियुम pro-toevangelium)* भनेर परिचित भएको छ। यसले द्वन्द्वको वास्तविकता र त्यसको बीचमा आशा पनि उपलब्ध गराएको छ भनेर तपाईंलाई कसरी विश्वस्त पार्दछ?**

# स्वर्गमा नै महान् द्वन्द्वको प्रादुर्भाव भएको

यथार्थमा आदम र हव्वाको सृष्टि हुनुभन्दा *अघि नै* खराब वा पापको अस्तित्व भएको थियो भनेर उत्पत्ति १-३ले आभास दिन्छ। उत्पत्ति २:९, १७को अनुसार असल र खराबको ज्ञानको रुख भएको कुराले खराब त देखा परेको भनेर बताउँछ। सर्पले परमेश्वरलाई झुट बोलेको भनेर आरोप लगाएको थियो तर वास्तवमा सर्पले झुट बोलिरहेको थियो। सर्पको अस्तित्व पहिले नै भएको प्रकाश १२:९ले देखाउँदा झुटसँग खराबको अस्तित्व भएको थियो। आदम र हव्वा पतन हुनुभन्दा अघि नै अदनको बगैँचामा खराब थियो भनेर देखाउँछ।

पढ्नुहोस्: **प्रस्थान २५:१९, २०को आधारमा इजकिएल २८:१२-१९ पढ्नुहोस्। यो पतित जीवको स्वभाव कस्तो थियो?**

स्वर्गमै पाप र द्वन्द्वको सुरुवात भएको थियो भनेर इजकिएलको वृत्तान्तले देखाउँछ।

पतन हुनुभन्दा अघि शैतान ढाक्ने करूब थियो। अझ त्योभन्दा पनि बेसी उसको बारेमा यसरी बताउँछ, "'तँ त सिद्धताको एक नमूना थिइस्, र बुद्धिले पूर्ण सर्वाङ्गसुन्दर। परमेश्वरको बगैँचा अदनमा तँ थिइस्।" *(इजकिएल २८:१२-१३)*। यो वर्णन कुनै मानवको बारेमा भन्न सकिँदैन न त टुरोसकै राजाको बारेमा। त्यसकारण यहाँ लुसिफरको पतनको झलक हामीलाई दिइएको थाहा पाउँछौं।

पढ्नुहोस्: **परमेश्वर र शैतानको बीचमा भइरहेको महाद्वन्द्वको थप चित्रण यशैया १४:१२-१५ दिएको पढ्नुहोस्।**

यशैया १४को अनुसार लुसिफरले आफूलाई बढाउँदै आफूलाई परमेश्वर, भगवान वा स्वामी नै बनाउन चाहेको थियो। उसको सुन्दरताले गर्दा उसको हृदयमा घमण्ड चढ्यो भनेर इजकिएल २८:१७ले बताउँछ। उसलाई सुन्दर बनाउनुहुने परमेश्वरको महिमा गर्नुको सट्टा उसले आफ्नै महिमा खोज्यो। त्यसले गर्दा उसमा अहङ्कार वा घमण्ड बढ्यो। यही अहङ्कारले गर्दा उसले परमेश्वरको ठाउँ लिन खोज्यो र उहाँको बेइज्जत गर्न खोज्यो। इजकिएल २८:१६को अनुसार शैतानले परमेश्वरको अपमान खोजेको थियो। यही नीति अपनाएर शैतानले परमेश्वर र हाम्रो खिलाफमा काम गरिरहेको हुन्छ।

**सृष्टि भएको पहिलो दिनदेखि नै लुसिफर सिद्ध थियो भनेर थाहा पाए तापनि पछि उसमा खराब भेटिएको थियो** *(इजकिएल २८:१५)* **भन्ने भनाइलाई हामी कसरी बुझ्ने? सिद्धको अर्थ नैतिक स्वतन्त्रताले सजिएको भन्ने बुझिन्छ, तब लुसिफर कसरी पतन भयो भनेर बुझ्दा के उसले त्यस स्वतन्त्रतालाई दुरुपयोग गरेको होइन र?**

# यदि तिमीले मलाई ढोग्यो भने

परमेश्वरको सिंहासनलाई कब्जा गर्ने नियत जारी राख्ने शैतानको नीति हो। मत्ती ४ र लूका ४मा येशू परीक्षामा पर्नुहुँदा शैतानले चालेको त्यस सिंहासन कब्जा गर्ने नियतलाई प्रकट गरिएको छ। येशू र शैतानको बीचमा भएको उल्लेखनीय मुठभेटमा परमेश्वर र शैतानको बीचमा भएको महान् द्वन्द्वको स्वभावलाई स्पष्ट रूपमा खुलासा गरिएको छ। मरुभूमिका ख्रीष्ट र शैतानको बीचमा भएको महाद्वन्द्वलाई सचित्र वा वास्तविक रूपमा गरेको चित्रणलाई सबैले ध्यान दिएर सोच्नु आवश्यक छ।

पढ्नुहोस्: **ख्रीष्ट र शैतानको बीचमा भएको वा भइरहेको महाद्वन्द्वको वास्तविकतालाई मत्ती ४:१-११मा कसरी प्रकट गरिएको छ?**

येशूलाई शैतानले परीक्षा वा प्रलोभन दिऊन् भनेर पवित्र आत्माले येशूलाई उजाड-स्थान वा मरुभूमिमा अगुवाइ गर्नुभएको थियो *(मत्ती ४:१)*। शैतानसँग मुकाबिला गर्ने समय अगावै येशूले ४० दिन उपवास बस्नुभएको थियो। त्यो उपवासको समय पछि येशू धेरै भोकाउनुभयो। त्यही अत्यन्तै भोकको चपेतामा येशू पर्नुहुँदा त्यसको फाइदा उठाउन शैतानले येशूलाई "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी बनाएर खानुहोस्" भनेर प्रलोभनमा फसाउन खोज्यो। तर त्यस परीक्षालाई येशूले धर्मशास्त्रकै अस्त्रलाई प्रयोग गर्नुभएर सामना गर्नुभयो। यसमा येशूलाई फसाउने शैतानको योजना असफल भयो।

अनि येशूलाई उहाँकै अधिकार, शक्ति, प्रतिष्ठा र ओहोदालाई चुनौती दिन शैतानले अल्गो मन्दिरको गजुर वा चुच्चामा लग्यो र हाम फाल भन्यो। बाइबलको वचनलाई बङ्ग्याएर [कतिपयले आज पनि गर्छन्] येशूलाई उसले भन्यो, "यदि तपाईं साँच्चिकै परमेश्वरको पुत्र हुनुहुन्छ भने यहाँबाट हाम फाल्दा स्वर्गदूतहरूले तपाईंलाई सम्हालिहाल्छन् वा सुरक्षित गर्नेछन् नि।" तर येशूले धर्मशास्त्रलाई उचित रूपमा उद्धृत गरेर शैतानसँग मुकाबिला गर्नुभयो।

शैतानले के गर्न चाहेको थियो वा उसको वास्तविक नियत कस्तो थियो भनेर येशूले

सामना गर्नुभएको तेस्रो परीक्षाले स्पष्ट रूपमा प्रकट गर्दछ। आफूलाई ढोग भनेर उसले येशूलाई आदेश दिन्छ। परमेश्वरले मात्र पाउनुपर्ने ढोग वा आराधनामा आफूलाई ढोग भनेर परमेश्वरको अधिकारलाई उसले कब्जा गर्न खोजेको थियो।

संसारका सारा राष्ट्र र तिनीहरूको यशलाई येशूको सामु शैतानले लोभलाग्दो गरेर सरर देखाउँदै भन्यो, "यदि तपाईंले मेरो सामु लम्पसार परेर ढोग्नुभयो भने यी सारा तपाईंलाई नै दिनेछु" *(मत्ती ४:८, ९)* अर्थात् उहाँले कष्ट पाउनु नै पर्नेछैन। त्यही विवरणलाई लूका ४:६मा शैतानले यसरी थपेको देखाउँछ: "यस संसारका राष्ट्रहरूमाथि भएको मेरो अधिकार र तिनीहरूको महिमा वा यश तपाईंलाई नै सुम्पिनेछु, किनभने ती मलाई नै सुम्पिएको छ र जसलाई मन लाग्छ म त्यसलाई दिनेछु।"

यहाँ पनि येशूले बाइबल धर्मशास्त्रलाई नै अस्त्र बनाउनुहुन्छ (पुरानो करार) र शैतानको प्रलोभनलाई उहाँले सामना गर्नुहुन्छ। यसमा पनि शैतान असफल भयो।

ती तिनै परीक्षा वा उहाँलाई फसाउने शैतानको आक्रमण वा जालबाट येशूले धर्मशास्त्र नै अस्त्र बनाउनुभएर आफूलाई सुरक्षित राख्नुभयो।

**एफिसी ६:१२ले हामीलाई यो याद दिलाउँछ, "हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो।" हामी त्रासमा रहनुहुँदैन तैपनि हाम्रा वरिपरि भएका विषम परिस्थितिहरूको वास्तविकतालाई हामीले सधैँ किन याद गरिरहनुपर्दछ?**

# जगत् ब्रह्माण्डमा भइरहेको महाद्वन्द्वको स्वभाव

शैतान र परमेश्वरको बीचमा भइरहेको महाद्वन्द्वको बारेमा बाइबलमा हामीले केही अंश पढ्यौं। तर यो महाद्वन्द्व हुनु पनि कसरी सम्भवा भयो त? परमेश्वरको शर्वशक्तिको विरोधमा जान कोही कसरी आँट गर्न सक्यो होला? यदि केवल शक्ति वा अधिकारको निम्ति मात्र द्वन्द्व भएको भए त्यो सुरु हुनुभन्दा अगाडि नै समाप्त हुन्थ्यो होला। त्यसकारण शक्ति वा अधिकारको निम्ति मात्र द्वन्द्व नभएको हुन सक्छ। परमेश्वरको चरित्र वा स्वभावसँग बेमेल हुँदा द्वन्द्व भएको थियो भनेर बाइबलले प्रकट गर्दछ। शैतानले परमेश्वरको खिलाफमा अपमानजनक आरोपहरू लगाएको कारणले नै द्वन्द्व सृजना भएको थियो। अरू गुणहरूमा परमेश्वर पूरै असल र प्रेमिलो हुनुहुन्छ, त्यसमा असह्य भएकोले नै शैतानले द्वन्द्व निकालेको थियो। परमेश्वरको गुणिलो स्वभावलाई देखाउन कुनै शक्ति वा बल प्रयोग गरेर हराउन सक्दैन।

"दुई विपरित प्रतिस्पर्धामा शैतानलाई तुरुन्तै दबाएर फाइदा नहुने परमेश्वरले देख्नुभएको थियो। केवल धार्मिकता र सत्यताको औजार मात्र परमेश्वरले प्रयोग गर्न सक्नुहुन्थ्यो। चापलुसी र छललाई केवल शैतानले मात्र प्रयोग गर्न सक्थ्यो। परमेश्वरको वचनलाई झुटो ठहऱ्याउन शैतानले प्रयास गरेको थियो। स्वर्गदूत र सारा जीवहरूको सामु परमेश्वरको शासनप्रणालीको योजनालाई शैतानले गलत तरिकाले प्रतिनिधित्व गरेको थियो। स्वर्गका जीवहरूमाथि परमेश्वरले व्यवस्था र नीतिनियमहरू लाद्नु मात्र भएन तर तिनीहरूलाई पालन गर्न परमेश्वरले जबरजस्ती गर्नुभएको भनेर पनि उसले उहाँलाई आरोप लगाइएको थियो। तर यथार्थमा उसले आफ्नो भाउ खोजेर आफूलाई सर्वोच्च स्थानमा राख्न खोजेको थियो। त्यसकारण, स्वर्गका जीव र सारा जगत्का पृथ्वीका बासिन्दाहरूलाई परमेश्वरको राज्यप्रणाली न्यायोचित र उहाँका नीतिहरू सिद्ध छन् भनेर प्रमाणित गर्नुपरेको थियो। आफू नै जगत् ब्रह्माण्डको हित चाहेको भनेर शैतानले देखाउन खोजेको थियो। परमेश्वरको राज्यलाई कब्जा गर्ने शैतानको वास्तविक चरित्र र उसको वास्तविक लक्ष्य वा नियतलाई सबैले बुझ्नुपरेको थियो। शैतानले उसका दुष्ट कामहरूद्वारा नै उसको चरित्र प्रकट गर्नु आवश्यक थियो।"–एलेन जी. ह्वाइट, द *ग्रेट कन्त्रोभर्सी*, पृ. ४९८।

**पढ्नुहोस्:** **शैतानको रणनीति र स्वभाव कस्तो छ भनेर देहायका पदहरूले कसरी खुलासा गरेका छन्? प्रकाश १२:७-९को सन्दर्भमा यूहन्ना ८:४४, ४५ पढ्नुहोस्।**

परमेश्वर वास्तविक रूपमा न्यायी र प्रेमिलो हुनुहुन्न र उहाँको व्यवस्था दमनकारी र तिनीहरूलाई हानि गर्ने भनेर शैतानले सुरुदेखि नै जगत्का जीवहरूलाई उसका आरोपहरूमा फसाउन खोजेको थियो। त्यसैकारण, येशूले शैतानलाई फटाहा र फटाहाको पिता हो भनेर उसको भन्डाफोर गर्नुभएको थियो *(यूहन्ना ८:४४)*। त्यसको विपरित येशू यस संसारमा सत्यको गवाही दिन आउनुभएको थियो *(यूहन्ना १८:३७)*। यो शैतानका झुट र अपमानजनक आरोपहरूको विपरित थियो। आखिरमा शैतानका आरोपहरूलाई खण्डन गरेर ऊ र उसका शक्तिहरूलाई नाश गर्नु परमेश्वरको योजना छ *(१ यूहन्ना ३:८; हिब्रू २:१४)*।

शैतान (१) "पुरानो प्राचिन सर्प हो" भनेर प्रकाश १२:९, १०ले खुलासा गरेको छ। (२) उसले परमेश्वरको अदालतमा परमेश्वरका जनहरूलाई आरोप लगाउँछन्, र (३) अजिङ्गर हो जसले यस संसारमा शासन गरेर संसारलाई धोका दिन्छ भनेको छ। ग्रीक भाषामा शैतानको अर्थ निन्दा गर्ने वा घोटाला गर्ने भनेर बुझाउँछ। यथार्थमा परमेश्वरको चरित्र वा स्वभावमाथि हुनुपर्ने निष्ठा वा विश्वासलाई बाझिने नीति शैतानले लिएको थियो। त्यसले गर्दा नै यस जगत् ब्रह्माण्डमा महाद्वन्द्वको सृजना भएको थियो।

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित द *ग्रेट कन्त्रोभर्सीको*, पृ. ४९२-५०४को "अरिजिन अभ इभिल" भन्ने अध्याय पढ्नुहोस्।

"यस संसारमा पाप आउनुमा परमेश्वर जवाफदेही छैन भनेर बाइबलमा अरू शिक्षाहरूभन्दा स्पष्ट गरी सिकाइएको छ। परमेश्वरले आफूखुशी अनुग्रहलाई फिर्ता गर्नुभएको छ र परमेश्वरको शासनप्रणाली कमजोर छ भन्ने धारणाहरूलाई बाइबलले समर्थन गर्दैन। उहाँको विद्रोह गर्ने वा उहाँलाई मन नपराउने कारण केही छैन भनेर बाइबलले स्पष्ट पारेको छ। पाप अतिक्रम गर्ने तत्व हो। त्यसको अस्तित्वको कुनै पनि कारण छैन। यो रहस्यमय छ र यसको लेखाजोखा दिन सकिँदैन। यसको पक्षमा बहाना बनाएर चल्नु नै नाजायज छ। यदि उसले विद्रोह गर्नेबित्तिकै उसलाई सखाप पारेको भए स्वर्ग र अरू पृथ्वी ग्रहका जीवहरूले परमेश्वरलाई प्रेमले होइन डरले सेवा गर्दथे। धोखेबाजको प्रभाव पूर्ण रूपमा नाश हुनेथिएन। विद्रोह गर्ने मिजास पनि पूरै निर्मुल हुन सक्दैनथ्यो। खराब तत्त्व वा शैतानको स्वभावको परिपक्वतालाई आउन दिन अनुमति दिनुपरेको थियो। युगौँ-युगसम्ममा सारा ब्रह्माण्डको हितको निम्ति शैतानले उसका नीतिहरूको पूरै विकाश गर्न दिनैपर्दथ्यो। सबै जीवहरूले परमेश्वरको राज्यप्रति गरेका आरोपहरू झुटा छन् भनेर उसकै चर्तिकलाले देखाउनुपरेको थियो। परमेश्वरको न्याय, निगाह, दया र दश आज्ञाहरूलाई हल्लाउन सक्दैन भन्ने धारणा सदाको निम्ति देखाउनुपरेको थियो। यसले गर्दा उहाँको स्वभावमा कसैले कहिले पनि प्रश्न उठाउने ठाउँ हुँदैनथ्यो।–एलेन जी. ह्वाइट, द *ग्रेट कन्त्रोभर्सी*, पृ. ४९२, ४९३, ४९९।

**छलफलको लागि प्रश्नहरू:**

**१. पापरहित लुसिफरजस्तो जीवले पहिला कसरी पाप गर्न सकेको होला भनेर धेरैले ताजुब मानेर सोच्दछन्। पाप किन रहस्यमय र त्यसको कारण दिन सक्दैन? जायज नठानेर वा कनै बहाना नबनाएर पापको बारेमा हामीले कसरी व्याख्या गर्न सक्छौं? वा त्यसको सुरुको बारेमा जान्न खोज्नु वा व्याख्या गर्न खोज्नु नै त्यसको उचित जायज भएको थियो भन्ने धारणा लिनु हो भनी हामी कसरी बुझ्न सक्छौं?**

**२. परमेश्वरले पापको अस्तित्वलाई तुरुन्तै किन सखाप पार्नुभएन? पापलाई परिपक्वतामा आउन किन दिनुपर्छ? सारा जगत् ब्रह्माण्ड युगौँ-युगसम्म त्यसो हुनु किन असल थियो?**

३. परमेश्वर र शैतानको बीचमा भइरहेको महाद्वन्द्व शक्तिको मात्र होइन, अरू फरक कारणले भएको हो भनेर बुझ्नु किन महत्त्व छ? शक्तिको निम्ति नभएर चरित्रको निम्ति भएको द्वन्द्वले महाद्वन्द्वलाई कसरी बुझाउँछ? शक्तिको निम्ति मात्र द्वन्द्व भएको भए त्यसको अर्थ किन अर्कै हुन्थ्यो?

४. द्वन्द्वको सुरुवातको स्वभावलाई हेर्दा तपाईंको आफ्नै जीवन पनि जगत् ब्रह्माण्डमा भइरहेको द्वन्द्वमा भाग लिइरहेको छ भनेर कसरी देखिन्छ? अहिले नै तपाईंले त्यस द्वन्द्वको वास्तविकताको अनुभव कसरी गरिरहनुभएको छ? तपाईं कुन पक्षमा साँच्चीकै उभिरहनुभएको छ सो तपाईंले कसरी देखाइरहनुभएको छ?

# जिद्दी गरेर फोन गरिरहने: भाग १

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

जुमबाट फोन गएन।

"यसले त कामै गरेको छैन!" भनेर माट्रोनाले गुनासो गरिन्।

फोनबाट माट्रोनाले पासवर्ड फेरि फेरि टाइप गरेकी कलेटले सुन्न सकेकी थिइन्।

हप्ताभरि धेरै पल्ट फोन गर्न उनीहरूले प्रयास गरेका थिए। अलास्काका टुहुराटुहुरी राख्ने स्थानीय केटाकेटीहरू राख्ने घरहरूमा बस्ने व्यक्तिहरूमध्ये माट्रोना पनि एक थिइन्। उनले कलेटसँग चिनापर्ची गर्न चाहेकी थिइन्।

उनले पासवर्ड राखेर कम्प्युटर चलाउन बारम्बार प्रयास गरिन्। सुँक्क सुँक्क गर्दै उनले भनिन्, "मेरो त कामै गर्दैन।"

"ठिकै छ," कलेटले जवाफ दिइन्।

"यो त ठिक छैन। म फेरि प्रयास गर्न चाहन्छु," माट्रोनाले भनिन्।

जब काम गरेन कलेटले उनलाई फोनबाट कुरा गर्नु भनेकी थिइन्।

अलास्काको आङ्कोरेजको सेभेन्थ-डे एड्भेन्टिस्ट बाल चिकित्सक कलेट रिहलले पनि माट्रोनासँग चिनापर्ची गर्न चाहेका थिए। अलास्काको स्थानीय बासिन्दा हुने माट्रोना फेयरबाँकमा रहेको संस्थाबाट धर्मपुत्रीको रूपमा कसैले लिनको लागि उपलब्ध थिइन्; त्यो ३६० माइल पर थियो।

मोन्ट्रोनले फोनबाट कुरा गर्न राजी भइन्। उनको पहिलो प्रश्न थियो, "तपाईंको घरका नियमहरू के छन्?"

"तिमी घर आएपछि त्यसको बारेमा कुरा गरौंला," कलेटले भन्यो। "तर मेरो घरमा आदर सम्मान गर्नु ठूलो नीति छ," कलेटले सुनाइन्।

अर्को आधा घन्टासम्म कलेटलाई माट्रोनाले प्रश्नहरू सोधिन्। कुराकानीको अन्तमा माट्रोनाले भनिन्, "म बसेकी घरको आमाले मलाई आफ्नै धर्मपुत्री बनाउन लाग्नुभएको छ भनी तपाईंलाई थाहा छ?"

अमेरिकाको फ्लोरिडा राज्यको कलेट आफ्नो श्रीमान्सँग आठ वर्षदेखि अलास्कामा बसोबास गरेकी थिइन्। माट्रिनालाई उनले भेटेकी थिइन। *माट्रोना धेरै रमाइलो व्यक्ति भएको र उनको व्यक्तित्व असल भएको* कलेटले अनुमान गरेकी थिइन्। उनलाई भेट्दा *रमाइलो हुनेछ* भनेर उनले सोचेकी थिइन्।

तर कलेटले कसैलाई धर्मपुत्री पाल्न खोजिरहेकी थिइन् भने माट्रोनालाई थाहा थियो। तर उनले दुःख भोग्न चाहेको थिइन। त्यसले गर्दा उनको नजिक नहुन प्रयास गरिन्।

कतिपल्ट माट्रोनालाई फोन गर्न सक्छ भनेर कलेटले उनलाई सोधिन्। हप्ताको एक दिन मङ्गलवार भनेकी थिइन्, तर त्यसले काम नगरेपछि बिहिबार र शनीबारमा फोन गर्न थालिन्।

माट्रोनाले झ्याउ मानेको कलेटले महसुस गरिन्। त्यो किन भयो उनलाई थाहा थिएन। तर जे भए पनि मायालु स्वभावले माट्रोनालाई फोन गरिरहँदा उनको हृदय न्यानो हुन थालेको थियो।

